सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ७ अङ्क १८ मंसिर २१ आईतबार

# ४ वर्ष बितिसक्दा पनि बनेन,सवस्टेसन



करिब ४ वर्ष पहिलेदेखि सुरु भएका दुई महत्वपूर्ण विद्युत् सबस्टेसन काँक्री र रुवाबाङ अपूर्ण रहनु ऊर्जा पूर्वाधार निर्माणमा विद्यमान कमजोरीको दायरालाई पुनः उजागर गर्छ । परियोजना सुरु भएको लामो समय बितिसक्दा पनि एकातिर संरचनागत काम अगाडि बढ्न नसक्नु र अर्कोतिर विद्युत् आपूर्ति दिन–प्रतिदिन अस्थिर छ। करिब ४० करोड रुपैयाँ विनियोजन भएको परियोजना लामो समयदेखि अलपत्र हुँदा यसको प्रत्यक्ष प्रभाव आम नागरिकले दैनिक रूपमा भोगिरहेका छन् । हिमाली भूगोलमा विद्युत् आपूर्ति अनियमित हुनु केवल उज्यालो नहुनु मात्र होइन । स्वास्थ्य सेवा, सञ्चार, कृषि, शिक्षा र व्यवसाय सबै अवरुद्ध हुने गम्भीर नीतिगत चुनौती हो । यस्तो अवस्थाले के देखाउँछ भने, ऊर्जा क्षेत्रका दीर्घकालीन योजनामा समय व्यवस्थापन, स्रोत परिचालन र निर्माण क्षमता अभावकै कारण बारम्बार अवरोध सिर्जना भइरहेको छ ।

सुरुमा ‘छिट्टै बन्ने’ भनेर गरिएको आश्वासन समयसँगै झिनो हुँदै गएको छ । अहिले त स्थिति यस्तो छ । कहाँ कति काम भयो भन्ने प्रश्नमै जनताले स्पष्ट उत्तर पाउन सकेका छैनन् ।विद्युत् आपूर्ति कहिले जान्छ, कहिले आउँछ।घर–परिवार चलाउनदेखि अस्पतालमा सेवा, पसल व्यवसाय, कृषि काम धन्दा सबै प्रभावित छन्। बिजुली अनियमित हुँदा जनताले भोगिरहेको दुःख कसैलाई भन्नु पर्ने कुरा नै रहेन ।

वर्षौंदेखि रोकिएको देखिनु विकासका काममा कति कमजोरी छ भन्ने स्पष्ट संकेत हो। कहिले प्राविधिक समस्या, कहिले सामग्री ढिलाइ ।तर यस्ता कारण जनताले कति समयसम्म सुन्ने ? विकासका योजना कागजमै रहिरहँदा जनताले दिनदिनै समस्या भोगिरहनुपर्ने स्थिति कति न्यायिक छ ?

सबस्टेसन निर्माण ढिलाइको कारण प्राविधिक समस्या र विदेशी सामग्री आपूर्ति झन्झट बताइन्छ । तर, कुनै पनि परियोजना वर्षौंसम्म रोकिएर बस्नु सधैँ ‘प्राविधिक कारण’ मात्र हुँदैन। समग्र परियोजना व्यवस्थापन प्रणालीमै गम्भीर प्रश्न उठिरहेको सूचक हो । ठेक्का सम्झौता, कार्ययोजना, कामको गति, अनुगमन र नियन्त्रण । यी सबै पक्षमा प्रभावकारी संयन्त्रको आवश्यकतामाथि यस घटनाले फेरि एक पटक जोड दिएको छ।

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# मारिङमा बाली विशेष कृषि स्रोत केन्द्र बनाउने लक्ष्य



रुकुमपूर्व – रुकुमपूर्वको भूमे गाउँपालिकाले मारिङ क्षेत्रमा 'बाली विशेष कृषि स्रोत केन्द्र' स्थापना गरी प्रदेशभर आवश्यक पर्ने स्याउ, ओखर र आलुको गुणस्तरीय बीउ–बेर्ना आपूर्ति गर्ने तयारी अघि बढाएको छ। स्थानीय स्तरमै बीउ अभाव समाधान गर्ने उद्देश्यले गाउँपालिकाले तीन तहबीच समन्वय गरी स्रोत केन्द्र बनाउने योजना बनाएको छ।

समुद्री सतहबाट करिब २६४० मिटर उचाइमा फैलिएको १५ हेक्टर क्षेत्र मारिङ स्याउ, ओखर, आलुबखडा तथा वर्खे आलु उत्पादनका लागि उपयुक्त क्षेत्रका रूपमा चिनिन्छ। तीन महिना हिउँ पर्ने भए पनि बाँकी समयमा सहज आवतजावत हुने, मध्यपहाडी राजमार्ग नजिक पर्ने र अर्गानिक उत्पादन सम्भावना अत्यधिक भएको कारण यो क्षेत्र प्रदेशकै सम्भावनायुक्त कृषि क्षेत्र समेत मानिएको छ। गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ भन्नुहुन्छ "मारिङलाई प्रदेशकै मोडेल स्रोत केन्द्र बनाउने पर्याप्त पूर्वाधार तयार भइसकेको छ। सडक, बिजुली, भवनलगायत आधारभूत संरचना विस्तार भएका छन् । अब संघ र प्रदेशसँग सहकार्य गरेर यहाँ उन्नत बीउ – बेर्ना उत्पादन शुरु गर्न लागिरहेका छौँ।" मारिङमा उत्पादित धेरैजसो बाली अर्गानिक प्रकृतिका हुने भएकाले वर्खे आलुको स्रोत बीउ उत्पादन र वितरणमा यो क्षेत्र प्रमुख केन्द्र बन्न सक्ने श्रेष्ठले बताउनुभयो। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेलका अनुसार "मारिङको हावापानी वर्खे आलु र स्याउका स्रोत बीउ उत्पादनका लागि देशमै उपयुक्त छ। यहाँ प्राविधिक सहयोग र कृषकको सहभागिता जुटाउन सकियो भने यो क्षेत्र लुम्बिनी प्रदेशकै 'उत्कृष्ट स्रोत केन्द्र' बन्न सक्छ। उनले भने  बीउ–बेर्नाको माग र आपूर्तिमा रहेको वर्तमान अवस्थामा मारिङ जस्ता सम्भाव्य स्थानलाई वैज्ञानिक स्रोत केन्द्रमा रूपान्तरण गर्न सके बीउ आत्मनिर्भरता अभिमुख बन्न सहयोग पुग्ने पौडेलले बताए।

गाउँपालिकाको २०७४/७५ को नीति तथा कार्यक्रममा मारिङ कृषि अनुसन्धान केन्द्र स्थापनाको घोषणा भएयता पूर्वाधार विस्तार हुँदै आएको छ।

# भवनविहीन अदालत, बढ्दो मुद्दाको चाप:

## *रुकुमपूर्व न्यायको अपूरो घर*

**बालाराम शेर्पाली**

रुकुमपूर्व।

हिमाली जिल्ला रुकुमपूर्वको रुकुमकोट । बाहिरबाट हेर्दा सामान्य कार्यालय जस्तै लाग्ने एउटा भाडाको भवनभित्र हरेक दिन न्याय खोज्दै आउने मानिसहरूको भीड लाग्छ।




कहिले झगडा, कहिले सम्पत्ति विवाद, त कहिले विवाह विच्छेद । यही साधारण–देखिने भवन नै रुकुमकोट जिल्ला अदालत हो। तर अदालतको आफ्नै भवन छैन। मासिक ५८ हजार ८० रुपैयाँ भाडा तिरेर सेवा दिई रहेको छ।

भवन अभावका कारण वर्षौंदेखि भाडाको भवनमै सेवा दिँदै आएको रुकुमकोट जिल्ला अदालतले चालु आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिकमा ५६.६६ प्रतिशत मुद्दा टुंग्याएको छ। अदालतमा पुराना ५३ र नयाँ ६७ गरी १ सय २० मुद्दा दर्ता भएका थिए। तीमध्ये ६८ मुद्दा चौमासिकमै फैसला गरिएको अदालतका स्रेस्तेदार तथा प्रवक्ता ईश्वरीप्रसाद सुवेदीले जानकारी दिए । उनका अनुसार लक्ष्यभन्दा १८ मुद्दा बढी निबटारा गर्न सकिएको छ।

सरकारी फौजदारीतर्फ पुराना १० र नयाँ १३ गरी दर्ता २३ मुद्दामध्ये १४ मुद्दा टुंग्याइएका छन्। दुनियाँवादी फौजदारीमा ५ मुद्दामध्ये ३ मुद्दा फैसला भएको छ। सबैभन्दा धेरै भार रहने दुनियाँवादी देवानीमा पुराना ४० र नयाँ ५२ गरी दर्ता ९२ मुद्दामध्ये ५१ मुद्दा चौमासिकमै निबटारा गरिएको अदालतले जनाएको छ।

अदालतमा फैसला कार्यान्वयनका चुनौती भने बढ्दो छन्। अहिलेसम्म १ सय ८० वर्ष १८ दिन बराबरको कैद भुक्तानी हुन बाँकी छ। त्यस्तै ७९ लाख ६९ हजार ४ सय ४८ रुपैयाँ जरिमाना उठ्न बाँकी छ। पीडितले पाउनुपर्ने ३५ लाख ७ हजार १ सय ६ रुपैयाँ क्षतिपूर्ति पनि अझै असुल हुन सकेको छैन।

अदालतमा प्रत्येक वर्ष दर्ता हुने मुद्दा बढ्दै गएको छ। दर्ता हुनेमध्ये विवाह विच्छेदसम्बन्धी मुद्दा सबैभन्दा धेरै

वर्ष ७ अङ्क १८ २०८२ मंसिर २१ आईतबार

भएको सुवेदीले बताए । स्थानीय तहदेखि अदालतसम्मका कानुनी सेवामा पहुँच बढेसँगै देवानी तथा पारिवारिक विवादका मुद्दा वर्षेनि वृद्धि हुँदै गएका छन्। उनले भने।

रुकुमकोट जिल्ला अदालतले अहिले पनि स्थायी भवनविनै सेवा सञ्चालन गरिरहेको छ । अदालतले धेरैपटक स्थायी भवन निर्माणका लागि पहल गरिए पनि प्रक्रिया अघि नबढ्दा दस्तावेज व्यवस्थापन, गोपनीयता र सेवा विस्तारमा समस्या पैदा भएको छ । समाधान तर्फ सरकारले ध्यान दिदैन सुवेदले दुख ब्यक्त गरे।

चौमासिकमा आधाभन्दा बढी मुद्दा छरितो रूपमा टुंग्याउन सकेको तथ्यले रुकुमकोट अदालतको कामकाजमा सकारात्मक सुधार देखाए पनि भवन अभाव र फैसला कार्यान्वयन पक्ष भने अझै पनि सबैभन्दा ठूलो चुनौती बनेको छ । न्याय खोज्न अदालतको ढोका ढकढकाउने मानिसका कदमहरू हरेक दिन बढ्दै छन्।

# लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान जारी

रुकुमपूर्व । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा भूमे गाउँपालिकाले मंगलबारदेखि विविध जनचेतनामूलक कार्यक्रम जारी राखेको छ। हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १०




सम्म विश्वभर मनाइने यो अभियानलाई यस वर्ष पनि गाउँपालिकाले विशेष सक्रियता साथ अघि बढाएको हो । भूमे गाउँपालिकामा विद्यालयका विद्यार्थी, जनप्रतिनिधि तथा स्थानीयवासीहरूको सहभागितामा प्लेकार्ड र ब्यानरसहित बजार परिक्रमा, र्‍याली तथा कोणसभासहितका कार्यक्रम गरिएको छ। विद्यालय–स्तरको उल्लेखनीय सहभागिता र स्थानीय नेतृत्वको सक्रिय उपस्थितिले कार्यक्रम उत्साहपूर्ण बनेको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले लैंगिक हिंसा अन्त्यका लागि स्थानीय तहबाट निरन्तर र ठोस पहल आवश्यक रहेको उल्लेख गर्नुभयो। "हिंसा सहने होइन, रोक्ने हो भन्ने सन्देश घर–घरमा पुर्‍याउनु आजको मुख्य चुनौती हो। समाजमा रहेको असमानता हटाउन सबै नागरिकको सक्रिय भूमिका अपरिहार्य छ," उहाँले भन्नुभयो।

गाउँपालिका उपाध्यक्ष सबिना बुढामगरले अभियान केवल 'कार्यक्रम'मा सीमित नभई व्यवहारमै लागू हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। "लैंगिक हिंसा महिलाको मात्रै समस्या होइन, यो समाजकै साझा चुनौती हो। सुरक्षित र समावेशी समाज निर्माणका

लागि शिक्षा, चेतना र कानुनी पहुँच विस्तारमा गाउँपालिका निरन्तर काम गरिरहेको छ," उहाँको भनाइ छ । गाउँपालिकाले आगामी दिनहरूमा विद्यालय–स्तरका अन्तरक्रिया कार्यक्रम, महिला समूहहरूसँगको छलफल, कानुनी सचेतना तथा समुदायकेन्द्रित गतिविधि निरन्तर सञ्चालन गर्ने जनाएको छ । अभियानलाई थप प्रभावकारी र पहुँचयोग्य बनाउन स्थानीय तह प्रतिबद्ध रहेको गाउँपालिकाले जनाएको छ।

# चार वर्षमा पर्खाल मात्रैः रुकुमपूर्वका दुई सवस्टेसन अलपत्र,



❖ *बालाराम शेर्पाली रुकुमपूर्व ।*

रुकुमपूर्वमा चार वर्षअघि सुरु भएका दुई विद्युत् सवस्टेसनको निर्माण कार्य अहिले पनि अलपत्र अवस्थामा छ। युरोपियन इन्भेस्टमेन्ट बैंकको ऋण सहयोगमा भूमे गाउँपालिकाको वडा – २ काँक्री र सिस्ने गाउँपालिकाको वडा – ५ स्थित रुवाबाङमा ३३/११ केभी क्षमताका सवस्टेसन निर्माण कार्य थालिएको थियो । काँक्री सवस्टेसनमा हाल पर्खाल मात्र बनेको छ। ठेकेदारले २०७९ माघमा काम सुरु गरी ०८१ माघभित्र सम्पन्न गर्ने जिम्मा लिएका थिए, तर काम रोकिएको छ। सिस्ने रुवाबाङको सवस्टेसन पनि उस्तै अवस्थामा छ।

काँक्री सवस्टेसनका लागि इथोस इन्डिया, र रुवाबाङका लागि सालासार इन्डियाले ठेक्का पाएका हुन्। नेपाल विद्युत् प्राधिकरणका मेनेजर मेघनाथ ढकालका अनुसार प्राविधिक समस्या र विदेशी सामग्री खरिद प्रक्रियाले ढिलाइ भएको बताएका छन् । तर अब काम पुनः गति लिने र काम भई रहेको ढकालले बताए ।

भूमे गाउँपालिका –२ का वडाध्यक्ष नारायण पुनमगरले ठेकेदारलाई काममा सहजीकरण गरिएको जानकारी दिनुभयो । सवस्टेशन निर्माण कामदार समेत खोजिदिएको पुनमगरले बताए । हिमाली जिल्ला रुकुमपूर्वमा सवस्टेसन नहुँदा विद्युत् अनियमितता झनै बढेको छ । प्राधिकरणका अनुसार यी सवस्टेसन निर्माण भए जिल्लामा विद्युत् आपूर्ति केही हदसम्म नियमित हुनेछ ।

प्रमुख जिल्ला अधिकारी सीता परियारका अनुसार "ठेकेदारलाई काम गर्न सबै सहजीकरण गरिसकेका छौँ । ढिलाइ ठेकेदारको कमजोरी हो।" ठेकेदारलाई आउँदो असार मसान्तसम्म काम सक्ने निर्देशन दिएको उनले बताए ।

दुई सवस्टेसन निर्माण र वितरण लाइन, पोल जडानका लागि करिब ४० करोड रुपैयाँको बजेट विनियोजन गरिएको छ। काँक्री र रुवाबाङस्थित दुई सवस्टेसन चार वर्षसम्म अलपत्र रहँदा जिल्लामा विद्युत् आपूर्ति अस्थिर छ। प्राविधिक समस्या र विदेशी सामग्री खरिद प्रक्रियाले ढिलाइ भए पनि प्राधिकरण र स्थानीय निकायको सहजीकरणपछि अब काम पुनः गति लिने तयारीमा छ। यी सवस्टेसन निर्माण भएपछि जिल्लामा विद्युत् अनियमितता कम हुने अपेक्षा गरिएको छ।

# उत्पादन उत्कृष्ट, बजार छैन: सुन्तला बेच्न चार घन्टा यात्रा

❖ बालाराम शेर्पाली रुकुमपूर्व।

रुकुमपूर्वको सिस्ने –८ का किसानहरू सुन्तला उत्पादनमा उत्कृष्ट भए पनि बजार अभाव र सरकारी सहयोगको कमीले निराश छन्। उत्पादन बेच्न उनीहरूले दैनिक चार घन्टा यात्रा गर्दै रुकुमकोटसम्म पुग्नुपर्छ।शुसिला घर्तीमगर बिहान ५ बजे लम्पाकोटबाट सुन्तला बोकेर चार घन्टा यात्रा गरी रुकुमकोट पुग्छिन्। करिब ४ सय दाना सुन्तला लिएर उनी छिप्रीदह गणतन्त्र चोकमा बिक्री गर्छिन्।

यस वर्ष उत्पादन घटेको र बजार अभाव भएको कारण गत वर्षको तुलनामा आम्दानी कम भएको उनी बताउँछिन्। उमेर ४७ वर्षकी नन्दकुमारी बुढा पनि यस्तै दैनिकी चलाउँछिन्। उनी भन्छिन्, "सुन्तला सिजन सुरु भएदेखि रुकुमकोट आउँदै गइरहेको छु। अहिलेसम्म सरकारले अनुदान दिएको छैन। २०७६ सालमा फाईल पेश गर्दा गाउँपालिकाले हराइदियो।" पुथा उत्तरगंगा–८ की कबिता मल्ल पनि दैनिक रुकुमकोटसम्म सुन्तला बेच्न आउँछन्। उनले तीन वर्षअघि एक व्यवसायीलाई ३ गाडी सुन्तला बिक्री गर्दा अझै पैसा पाएका छैनन्। किसानहरूले बताउँछन्, उत्पादनबाट राम्रो आम्दानी गर्न सकिने भए पनि विभिन्न रोग र विपद्का कारण उत्पादन घटेको छ।सिस्ने–८ लाई सुन्तलाको "पकेट क्षेत्र" घोषणा गरिएको छ र प्रदेश सरकारले यसलाई "कृषि स्मार्ट गाउँ" घोषणा गरेर विकासमा काम अघि बढाएको छ।



तर किसानहरूले प्राविधिक सहयोग, रोग पहिचान र उपचारको लागी थप सक्रियता चाहेका छन्। किसानहरूले "सुन्तला बेचेर कमाएको पैसाले नुन, तेल र चामल ल्याएर घर फर्किन्छौं।


उत्पादन राम्रो भए पनि बजार र सरकारी सहयोगको कमीले फाइदा लिन सकिरहेका छैनौं।" चार वर्ष अर्गानिक जिल्ला घोषणा भइसकेको रुकुमपूर्वमा किसान अझै उत्पादन र बजार दुवै पक्षमा संघर्षरत छन्। सुन्तला उत्पादनको दैनिकी र संघर्षले देखाउँछ कि घोषणासँगै व्यवहारिक कार्यान्वयन हुन बाँकी छ।

# कृषि विकासको लागि कृषि स्रोत केन्द्रको अवधारणा नै आजको आवश्यकता

❖ डिल्लीराज फौडेल



कृषि क्षेत्रको विकास नै दिगो आर्थिक विकास र बहुसंख्यक नेपालीको आय तथा रोजगारीको आधारस्तम्भ भएकाले कृषि तथा पशुपन्छी विकास फार्म- स्रोत केन्द्रको स्थापना गरी नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले सिफारिस गरेका नवीनतम प्रविधिको अवलम्बन गर्दै स्थानीय जलवायु अनकुल कृषि तथा पशुपन्छीजन्य उत्पादन वृद्धि गरी उत्कृष्ट कृषि प्रविधि कृषक समक्ष प्रसार गर्ने र कृषि व्यवसायमा आधुनिकीकरण, व्यवसायीकरण गरी कृषि उत्पादन एवंम् उत्पादकत्व वृद्धि गरी कृषकहरुको आयस्तरमा सुधार गर्न बाली विशेष फार्म-स्रोत केन्द्रको अवधारणालाई अगाडि सार्नु आजको आवश्यकता रहेको छ। बालीविशेषको उत्पादन प्रदर्शन, नयाँ जात र प्रविधिको प्रदर्शन, गुणस्तरीय माउँबोट संरक्षण, गुणस्तर बीउ, बिरुवा उत्पादन कार्यलाई निरन्तरता दिन जरुरी छ । कृषकस्तरमा प्रविधि प्रसार-प्रचार, क्षमता विस्तार गर्न सरकारी फार्म/स्रोत केन्द्रको आवश्यकता पर्दछ । अतः यी फार्म/स्रोत केन्द्रलाई सबै पक्षको सहयोग, समन्वय तथा सक्रियतामा अझ प्रभावकारी रूपमा सञ्चालन र वैज्ञानिक व्यवस्थापनमा लैजानुपर्ने हुन्छ । स्रोत केन्द्रहरुलाई संरचनागत सुधार, जनशक्ति विकास र व्यवस्थापन तथा स्रोतसाधनको उचित व्यवस्था गरेर



आवश्यकता अनुसार देशको सबै भू-भागमा विस्तार गर्न सकिएको अवस्थामा आम कृषकहरुलाई गुणस्तरीय बीउ, बेर्ना तथा अन्य श्रोतहरूको मागलाई सजिलै सम्बोधन गर्न सकिने कुरामा कुनै दुइमत नै छैन।

कृषि क्षेत्रमा उत्पादन वृद्धि लगायतका कार्यक्रम सञ्चालन गर्न वीउको स्रोत निर्धारण गर्नु पहिलो उत्पादनको क्रियाकलाप हो । क्षेत्र विस्तारको लागि प्रयोग गरिने बीउको स्रोत निकै कमी रहेको र नजिकको क्षेत्रमा उपलब्ध हुने स्रोत केन्द्रहरुको अभावका कारण सहज रुपमा र माग अनुसार गुणस्तरिय बिउ/ बेर्ना उपलब्ध हुन सकिरहेको छैन। सम्भाव्यताको आधारमा जिल्ला तथा स्थानीय तहमा स्रोत केन्द्रहरुको स्थापना गर्न नसक्नु, माग अनुसार बीउको उपलब्धतामा कमी हुनु आदी कारणहरुले कृषि क्षेत्रको विकासमा ठुलो धक्का लागेको देखिन्छ । त्यसकारण प्रविधि प्रसार, प्रविधि हस्तान्तरण तथा सीप विकासमा कृषि फार्म/ स्रोत केन्द्रको महत्वपुर्ण भूमिका हुने भएकोले बाली विशेष सम्भाव्यता अध्ययन गरी संरचनागत सुधार, जनशक्ति विकास र व्यवस्थापन तथा स्रोतसाधनको उचित व्यवस्था गरेर मात्र स्रोत केन्द्र विकासको सम्भव रहेको छ।

भौगोलिक विविधताले भरिएको हाम्रो देश विभिन्न प्रकारका बाली उत्पादनका लागि उपयुक्त छ । विकासको क्रमसंगै कृषि क्षेत्रको अनुसन्धान तथा विकासका लागि विभिन्न समय र स्थानमा बाली, बागवानी, व्यावसायिक किट, मत्स्य तथा पशुपन्छी फार्म/ स्रोत केन्द्रहरू स्थापना भएका छन। तर ती फार्म/ केन्द्रहरुबाट आवश्यकता अनुसार उपलब्धतामा कमी रहेको पाइन्छ । विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी फार्म/ केन्द्रहरूको स्थापना गर्न सकिएको अवस्थामा कृषि क्षेत्रको समग्र विकासमा उल्लेखनीय योगदान दिन सकिने विश्वास राख्न सकिन्छ। नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत रहेका फार्म केन्द्रहरु मुख्य तया अनुसन्धान कार्यमा केन्द्रित छन् भने गुणस्तरीय बीउ, बिरुवा, उन्नत नस्ल उत्पादन तथा संवर्धनका लागि स्थापना भएका स्रोत केन्द्रहरु निकै कमि रहेको र सबै बाली विशेष उत्पादन कार्यमा जोडिन सकिरहेका छैनन् ।

नेपालमा संघियता अगाडि रहेका फार्म केन्द्रहरु एकातिर सबै सञ्चालनमा रहेको पाईदैन भने अर्को तर्फ प्रदेशहरुको स्थापना पश्चात थप फार्म/ स्रोत केन्द्रको वृद्धि विकास र संख्या बृद्धि हुन नसकेको कारण एका तर्फ आवश्यक परिमाण अनुसार गुणस्तरीय बीउ/वेर्ना/ नश्ल वितरण गर्न सकिएको अवस्था छैन भने अर्को तर्फ उल्लेखनीय रुपमा उत्पादन बृद्धि गर्न सकिएको छैन।

बाली विशेष स्थापना भएका सरकारी फार्म केन्द्रहरु जस्तै उष्ण प्रदेशीय बागवानी केन्द्र सर्लाही; जसले मुख्यतया आँप, लिची, बेल, केरा, रुखकटहरु जस्ता गर्मी हावापानीमा उत्पादन हुने फलफूलहरुको खेती तथा विरुवा उत्पादन कार्यमा लागिरहेको छ। त्यसै गरी शीतोष्ण बागवानी विकास केन्द्र मार्फा, मुस्ताङले उच्च पहाडी र हिमाली जिल्लामा उत्पादन हुने मुख्यतया स्याउ, ओखर, आलुबखडा जस्ता फलफूल खेती सम्बन्धी काम गरिरहेको छ । आलु विकास केन्द्र निगाले, सिन्धुपाल्चोकले आलुको स्रोत बीउ उत्पादन तथा वितरण कार्यमा जोड दिइरहेको छ।

# कृषि

वर्ष ७ अङ्क १८ २०८२ मंसिर २१ आईतबार

यसरी सिमित क्षेत्रमा भएका स्रोत केन्द्रहरुबाट सबै क्षेत्रहरुलाई आवश्यक पर्ने वीउ तथा विरुवाको मागलाई पुरा गर्न सकिरहेको अवस्था देखिदैन त्यसैले फार्म/ स्रोत केन्द्रबाट उत्पादित वीउ, विरुवा तथा नश्ललाई कृषक स्तरमा सहजरुपमा उपलब्ध गर्नको लागि स्रोतकेन्द्रको विकास तथा संख्या वृद्धिमा प्रदेश सरकार तथा स्थानीय सरकार लाग्नु पर्ने देखिन्छ ।

सामान्यतया फार्म केन्द्रहरूले रैथाने, स्वदेशी र उपयुक्त विदेशी जर्मप्लाज्मको सङ्कलन, संरक्षण, मूल्याङ्कन र वृद्धि गरी स्रोत बीउ (बाली, तरकारी, फलफूल, पशुपन्छी र माछा) र अन्य वस्तु (रेशम किराको फुल र लार्भा, रानी मौरी) को गुणस्तर कायम गरी फार्मलाई स्रोत केन्द्रका रूपमा विकास गर्ने; विभिन्न जातका उच्च गुणस्तर माउबोट वा स्रोत बीउ उत्पादन गरी सहुलियत मूल्यमा निजी स्रोत केन्द्रलाई उपलब्ध गराउने र भौगोलिक क्षेत्र अनुसार अन्न बाली दलहन : तेलहन तरकारी, फलफूल बालीको उन्नत वा रैथाने जातीय विकास, प्रजनन तथा मूल बीउ उत्पादन गरी निजी क्षेत्रसँगको समन्वयमा बाली वस्तुको भरपर्दो स्रोत सामग्री उत्पादन गरी सहज रूपमा किसानलाई उपलब्ध गराउन सकिएको अवस्थामा कृषि क्षेत्रमा अवश्य आकर्षण बढ्न सक्ने देखिन्छ ।

यस्तै कृषि फार्म/ स्रोतकेन्द्रहरुको सम्भावना खोजिको सन्दर्भमा लुम्बिनी प्रदेशको रुकुम पूर्वी भाग, भूमे गाउँपालिका वडा नं. २ र ७ को सिमानामा रहेको मारिङ एउटा उपयुक्त स्थानको रुपमा देखिएको छ । जसको भौगोलिक अवस्थालाई हेर्दा समुद्री सतहबाट करिव २६४० मिटर उचाइमा अवस्थित रहेको छ । करिव १५ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त स्थानमा विशेष गरी हिउँदे फलफूल जस्तै स्याउ, ओखर र वर्षे आलु खेतीको लागि राम्रो सम्भावना भएको क्षेत्र मानिन्छ । अधिक उचाइमा रहेको स्थान भएका कारण शरद ऋतुमा करिब ३ महिना जति हिउँ जमेर जीवजन्तु तथा बिरुवाहरुको लागि प्रतिकुल हावापानी हुने भएता पनि अन्य समयमा सहज रुपमा आवत जावत गर्न कुनै कठिनाइ हुदैन ।

मारिङको स्वच्च हावापानीमा, धौलागिरी हिमश्रृखला तथा सिस्ने र पुथा हिमालको सुन्दर दृष्यावलोकन गर्न सकिन्छ । साथै भूमे गाउँपालिका र पुथा उत्तरगंगा गाउँपलिका तथा रोल्पा जिल्लाका विभिन्न स्थानहरुको अवलोकन गर्न सकिन्छ । मध्यपहाडी लोकमार्गबाट नजिकै भएकाले उत्पादित वस्तुको ढुवानीको लागि सहज भएको साथै कृषि क्षेत्रमा नयाँ प्रजातिहरु परिक्षण, प्रदर्शन एंव स्रोत बीउ उत्पादन गर्न सकिने राम्रो सम्भावनाको रुपमा मारिङ क्षेत्र रहेको छ ।

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को बार्षिक नीति तथा कार्यक्रममा मारिङ कृषि अनुसन्धान केन्द्र स्थापना गर्ने घोषणा बमोजिम केन्द्र स्थापना गरिएको र उक्त क्षेत्रको सम्वर्द्धन तथा विकासका लागि आवश्यक पूर्वाधार विकासमा जोड गरेको पाईन्छ । जहाँ कृषि फर्म/ स्रोत केन्द्र स्थापनाका लागि आवश्यक पूर्वाधार जस्तै सडक, बिजुली, सिंचाइ, कार्यालय भवन, आवास भवन लगायतका आधारभुत पुर्वाधार तयार भैसकेको अवस्था रहेकोले उक्त क्षेत्रलाई संघ, प्रदेश र स्थानीय सरकारको आपसी समन्वयमा बाली विशेष स्रोत केन्द्रको अवधारणामा लैजान सकिएको

अवस्थामा रुकुमपूर्व मात्र नभइ अन्य छिमेकी जिल्ला रोल्पा, रुकुम पश्चिम, सल्यान लगायतका जिल्लाहरुमा समेत सेवा पुऱ्याउन सकिने सम्भावनाको रुपमा लिन सकिन्छ।

रुकुमपूर्व वर्षे आलु र स्याउ उत्पादनमा राम्रो सम्भावना बोकेको जिल्ला हो। यस क्षेत्रमा उत्पादित अधिकाँश बाली अर्गानिक नै भएको र अर्गानिक प्रमाणिकरणको कार्यालाई समेत अगाडि बढाइएको हुँदा वर्षे आलुको वीउ उत्पादन कार्यमा जोड गर्न सकिएको अवस्थामा जिल्ला भित्र मात्र नभइ अन्य जिल्लाहरुमा समेत बीउ विक्रि वितरणको मुख्य स्रोतको रुपमा मारिङलाई स्थापित गर्न सकिने प्रचुर सम्भावना देखिन्छ।

बीउ उत्पादनको विकास दिन प्रति दिन बढ्दै गइरहेको छ। बीउ उत्पादन कार्यलाई प्रत्यक्ष सहयोग पुऱ्याउन सरकारी तथा नीजि क्षेत्रबाट बीउ उत्पादनका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। जहा जुन बालीको उत्पादन ज्यादा हुन्छ त्यस ठाउँमा वीउको माग पनि ज्यादा नै भएको हुन्छ।

त्यसको लागि गुणस्तरयुक्त बीउ/बेर्नाको आवश्यकताको महसुस गरिन्छ। गुणस्तरयुक्त बीउ उत्पादन गर्नको लागि उपयुक्त हावापानी भएको स्थान,दक्ष प्राविधिकहरू तथा उक्त स्थानमा कृषकहरूमा जागरूकताको आवश्यकता पर्छ। यसै सन्दर्भमा मारिङ क्षेत्र हिउँदे फलफूल अन्तर्गत स्याउ र ओखरका नर्सरी विरुवा उत्पादन तथा वर्षे आलुको स्रोत बीउ उत्पादन गर्न उपर्युक्त स्थान रहेको हुँदा उक्त क्षेत्रलाई कृषि स्रोत केन्द्रको अवधारणामा लैजान आवश्यक देखिन्छ।

# फलाम उत्खननको सपना हुर्काउँदै झुम्लाबाङको खानी



❖ ***मणि दाहाल***

रुकुम पूर्वको भूमे गाउँपालिका –३ झुम्लाबाङमा पत्ता लागेको देशकै ठूलो फलामखानीले फलाम उत्पादनको ठूलो सम्भावना देखाएको छ। खानी तथा भूगर्भ विभागको अनुसन्धानले त्यहाँ २० करोड मेट्रिक टन धाउ (फलामको कच्चा पदार्थ) रहेको पत्ता लगाएको थियो। खानी उत्खननको इजाजत पाएको कम्पनीको प्रारम्भिक योजनाअनुसार खानी सञ्चालनमा आएपछि दैनिक चार हजार मेट्रिक टन धाउ उत्खनन हुनेछ। यो दरले वर्षमा २७० दिन काम गर्दा १० लाख ८० हजार मेट्रिक टन निकालिनेछ। दैनिक चार हजार मेट्रिक टन धाउ निकाल्दा खानीले १८५ वर्षसम्म धान्नेछ। जसले आन्तरिक मागको ४० प्रतिशतसम्म फलाम आपूर्ति हुन सक्छ।नेपालमा फलामजन्य सामग्रीको माग दैनिक २० हजार टन छ। नेपालमा पेट्रोलियम पदार्थपछि धेरै आयात गरिने वस्तुमा फलाम पर्छ। भन्सार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा एक खर्ब ७ अर्ब ७९

करोड रुपैयाँ बराबरको फलाम आयात भएको थियो।देशलाई आयात प्रतिस्थापनतर्फ डोऱ्याउन सक्ने झुम्लाबाङको खानी अब 'ड्रिलिङ' सुरु गर्ने चरणमा पुगेको छ। ड्रिलिङपछि मात्र खानी सञ्चालनको ढोका खुल्नेछ । खानी तथा भूगर्भ विभागबाट इजाजतपत्र (लाइसेन्स) लिएको एलिभेट माइन्स एन्ड मिनरल्सले यो काम गर्न लागेको हो। कम्पनीले खानी उत्खननको कार्ययोजना तयार पारिरहेको छ। आउँदो चैतसम्म कार्ययोजना खानी विभागमा प्रस्तुत गर्ने गरी कम्पनीले काम गरिरहेको विभागका सिनियर डिभिजनल जिओलोजिस्ट कुशलनन्दन पोखरेल बताउँछन् । "ड्रिलिङको काम भने तिहार सकिएलगत्तै सुरु हुनेछ," उनी भन्छन्।




विभागले थप अध्ययन गर्न मंसिर २०८० मा विज्ञ टोली खटायो। टोलीले दुई महिना लगाएर टोपोलोजिक सर्भे, भौगर्भिक नक्सांकन र च्यानल स्याम्पलिङ गऱ्यो। एक हजार १०० नमुना संकलन गरी प्रयोगशालामा परीक्षण गरियो। त्यस परीक्षणले धाउमा औसत ४५ प्रतिशत फलाम (एफई) रहेको देखायो। खानी भेटिएको ठाउँमा मानव बस्ती छन्। सुरुमा कुरा गर्दा स्थानीयवासीले ड्रिलिङ गर्न नदिने बताए पनि छलफलपछि कुनै सम्झौता गरेर काम गर्न दिन उनीहरू सकारात्मक भएको एलिभेट माइन्स एन्ड मिनरल्सका एक सञ्चालक दिनेश कर्माचार्य बताउँछन्। कर्माचार्य सम्मिलित टोली खानी भेटिएको ठाउँ पुगेर गत २३ असारमा फर्किएको थियो। कर्माचार्य भन्छन्, "खानीका लागि अहिले नै बस्ती सारिहाल्नुपर्ने स्थिति छैन। उत्खनन सुरु गर्ने बेला बस्ती सार्नु उत्तम विकल्प हुन्छ।"

खानी विभागले सामान्यतया खानी पत्ता लगाउन र उत्खनन गर्न सोझै लाइसेन्स जारी गर्छ। झुम्लाबाङमा भने आफैँले पत्ता लगाएर पहिलो चरणको अध्ययन गरी उत्खनन र उत्पादन दुवैका लागि लाइसेन्स दिएको हो। यसैले यो विशेष प्रकारको लाइसेन्स हो। विभागका सिनियर डिभिजनल जिओलोजिस्ट पोखरेल भन्छन्, "हामीले खानी पत्ता लगाएर एक चरणको अध्ययन गरेपछि मात्र निजी कम्पनीहरूबीच प्रतिस्पर्धा गराएर लाइसेन्स जारी गरेका हौँ। विभागले नै अध्ययन गरिसकेकाले नियमित प्रक्रियाभन्दा पनि खास खनिजअन्तर्गत लाइसेन्स दिइएको हो।

विभागले खानी सञ्चालन गर्न प्राविधिक र आर्थिक प्रस्ताव माग गरेको थियो। त्यसमा ६ कम्पनीले प्रस्ताव पेस गरेका थिए। प्राविधिक प्रस्तावमा ५० प्रतिशत अंक ल्याउन सफल कम्पनीको मात्र आर्थिक प्रस्ताव खोलिएको थियो। जसमा ४३ करोड ५१ लाख ६१ हजार १११ रुपैयाँ प्रस्ताव गरेको एलिभेट माइन्स एन्ड मिनरल्सले लाइसेन्स पाएको हो।

कर्माचार्यका अनुसार एलिभेटले अहिले दैनिक चार हजार टन उत्खनन गर्ने प्रस्ताव बुझाएकामा खानीको थप अध्ययनपछि प्रस्ताव पेस गर्नेछ। "त्यो स्वीकृत भएपछि बल्ल उत्खनन गर्ने अनुमति पाइन्छ। त्यसपछि पनि ईआईए (वातावरणीय प्रभाव मूल्यांकन) गर्नुपर्छ," उनी भन्छन्, "ईआईए सकिएपछि वनको भोगाधिकार लिनुपर्छ। उत्खनन गर्ने स्थान अधिकांश वनको क्षेत्रभित्र पर्छ। खानी उत्खननको चरणमा पुग्न हामीलाई कम्तीमा तीन वर्ष लाग्छ ।" अहिलेको योजना कार्यान्वयनमा जाँदा कम्पनीले साढे सात वर्ग किलोमिटर क्षेत्रमा खानी सञ्चालन गर्नेछ। त्यसमा अनुमानित लागत एक खर्ब रुपैयाँभन्दा बढी हुने देखिएको छ। खानी पूर्ण सञ्चालनमा आएपछि दैनिक १२ हजार मेट्रिक टनसम्म धाउ उत्खनन हुने प्रक्षेपण छ।

## तामा खोज्दा भेटिएको फलामखानी

झुम्लाबाङमा फलामखानी भेटिँदाको कथा रोचक छ। विभागका भूगर्भविद् सौनक भण्डारी र वसन्त अधिकारी पूर्वजानकारीका आधारमा तामाखानी खोज्दै जेठ-असार २०८० मा रुकुम पुगेका थिए। "सेराबाङ र झुम्लाबाङमा तामा निकालिन्छ भनेर लेख कतै पढेका थियौँ। सेराबाङमा तामा पनि राम्रै परिमाणमा भेटियो," अधिकारी भन्छन्, "झुम्लाबाङ जाँदा बाटो भुलेर हामी तामाखानीभन्दा फरक ठाउँमा पुग्यौँ। त्यहाँ पुग्दा फलामखानीको संकेत पो देखियो।" उक्त ठाउँमा भर्खरै सडक खनिएको थियो। त्यही क्रममा फलामको संकेत देखिएको हो। "बाहिरै फलामको धाउ देखियो। हामीसँग एक्सआरएफ मेसिन पनि थियो । त्यसमा परीक्षण गर्दा धाउमा फलामको मात्रा ४६ देखि ५० प्रतिशतसम्म भेटियो। त्यो तथ्यले हामी उत्साहित भयौँ," अधिकारी भन्छन् ।

उनीहरू स्थलगत अध्ययनबाट फर्किएपछि फलामखानीको सम्भावनाबारे छलफल चलाइयो। विभागले थप अध्ययन गर्न मंसिर २०८० मा विज्ञ टोली खटायो। टोलीले दुई महिना लगाएर टोपोलोजिक सर्भे, भौगर्भिक नक्सांकन र च्यानल स्याम्पलिङ गऱ्यो। एक हजार १०० नमुना संकलन गरी प्रयोगशालामा परीक्षण गरियो। त्यस परीक्षणले धाउमा औसत ४५ प्रतिशत फलाम (एफई) रहेको देखायो। खानी चलाउन धाउमा कम्तीमा ३० प्रतिशत फलाम हुनुपर्छ ।

झुम्लाबाङमा पहिलेदेखि नै स्थानीय स्तरमा तामाखानी सञ्चालनमा थियो। सय घरधुरी रहेको त्यस गाउँमा विगतमा मगर समुदायले तामा उत्खनन गर्थ्यो। विश्वकर्मा समुदायले त्यसलाई प्रशोधन गरी विभिन्न सामग्री बनाउँथ्यो। नेवार समुदायले ती सामान बिक्री गर्थ्यो। "सुरुमा झुम्लाबाङको बस्ती तामाखानीकै लागि बनेको रहेछ। तर, अब ठूलो फलामखानी सञ्चालन गर्दा त्यस गाउँलाई अन्यत्र सार्नुपर्ने हुन्छ," विभागका सिनियर डिभिजनल जिओलोजिस्ट पोखरेल भन्छन्।

## धौबादीभन्दा दोब्बर ठूलो

झुम्लाबाङमा फलाम खानी भेटिएको ठाउँ मध्यपहाडी राजमार्गबाट सात किलोमिटर उत्तरमा पर्छ। दाङको घोराहीबाट झुम्लाबाङ १६५ किलोमिटर उत्तर र पोखराबाट २४० किलोमिटर पश्चिममा पर्छ। त्यहा

# अर्थतन्त्र

वर्ष ७ अङ्क १८ २०८२ मंसिर २१ आईतबार



***रुकुमपूर्वको भुमे गाउँपालिकाअन्तर्गत झुम्लाबाङमा रहेको फलाम खानी क्षेत्र।***

रहेको खानी पूर्वी नवलपरासीमा २०६७ सालमा भेटिएको धौबादीको फलाम खानीभन्दा दोब्बर ठूलो हो। धौबादीमा नौ करोड ९० लाख मेट्रिक टन धाउ छ। त्यहाँको धाउमा ३५ प्रतिशत फलाम छ। खानी विभागले २०७६ सालमा धौबादी फलाम कम्पनी लिमिटेड स्थापना गरी काम थालेको थियो। त्यसमा ठोस प्रगति देखिएको छैन।

झुम्लाबाङमा धाउ उत्खनन १२ हजार मेट्रिक टनसम्म पुऱ्याउने लक्ष्य छ। तर, चार हजार मेट्रिक टन नै कारखानासम्म पुऱ्याउन २०० टिपरको आवश्यकता पर्छ । धौबादीको एक मेट्रिक टन धाउ प्रशोधन गर्दा ३५० किलो फलाम निस्कन्छ। झुम्लाबाङमा भने ४५० किलो निस्कन्छ। धाउबाट फलाम निकाल्न फलामको परिमाण ६० प्रतिशत वा त्योभन्दा माथि हुनुपर्छ। झुम्लाबाङमा भेटिएको खानीलाई प्रशोधनको माध्यमबाट ६० प्रतिशत पुऱ्याउनुपर्छ। एलिभेट माइन्स एन्ड मिनरल्सका कर्माचार्य भन्छन्, "भारतमा ५५-६० प्रतिशत फलाम भएको धाउ सीधै भट्टीमा हालेर उत्पादन गरिन्छ। चीनमा ३०-३५ प्रतिशतकै धाउबाट फलाम उत्पादन गरिन्छ। भारतभन्दा चीनको प्रविधि हामीलाई उपयोगी हुन सक्छ।"

झुम्लाबाङ र धौबादीका खानी हेमाटाइट प्रकृतिका हुन्। ललितपुर फूलचोकीको खानी पनि हेमाटाइट नै हो। रामेछापको ठोसेमा रहेको चाहिँ म्याग्नाटाइट हो। हेमाटाइटमा दुई भाग फलाम र तीन भाग अक्सिजन हुन्छ। म्याग्नाटाइटमा तीन भाग फलाम र चार भाग अक्सिजन हुन्छ। हेमाटाइटको प्रशोधन गर्न सजिलो छ भने म्याग्नाटाइट कठिन हुन्छ।

झुम्लाबाङको खानी ठूलो क्षेत्रमा फैलिएको छैन। त्यहाँ धाउ एकै स्थानमा अत्यधिक थुप्रिएको छ। जहाँ ३००

मिटरसम्म धाउको तह छ। जबकि धौबादीमा त्यस्तो तह २०-२५ मिटरमा सीमित छ। त्यसैले धौबादीमा खानी ठूलो क्षेत्रमा फैलिए पनि धाउको परिमाण झुम्लाबाङभन्दा कम छ। "झुम्लाबाङमा कसैले बाहिरबाट लगेर ठूलो मात्रामा धाउ थुपारेजस्तो छ। त्यसैले त्यो खानी नेपालको अहिलेसम्मकै ठूलो हो," सिनियर डिभिजनल जिओलोजिस्ट पोखरेल भन्छन्।

# कच्चा पदार्थ ढुवानीमा विकल्पको खोजी



झुम्लाबाङ खानीका हिसाबले उपयुक्त भए पनि पूर्वाधारको भने कमी छ। सडक र भौतिक पूर्वाधारबाट नजिक रहेको धौबादी खानीभन्दा फरक भौगोलिक परिस्थितिमा छ, झुम्लाबाङ । धौबादी पूर्व-पश्चिम राजमार्गको कावासोतीबाट २० किलोमिटर मात्र उत्तरमा पर्छ। जबकि झुम्लाबाङ मध्यपहाडी राजमार्गबाट सात किलोमिटर उत्तरमा रहे पनि उद्योगको कच्चा पदार्थ ओसारपसार गर्न उपयुक्त प्रकारको छैन।

त्यहाँ फलाम कारखाना बनाउन १०० देखि १५० बिघासम्म जग्गा चाहिन्छ। "पहाडी क्षेत्रमा एक-डेढ सय बिघा जग्गा पाइने ठाउँ नै नपाइने रहेछ," कर्माचार्य भन्छन्। झुम्लाबाङमा धाउ उत्खनन १२ हजार मेट्रिक टनसम्म पुऱ्याउने लक्ष्य छ। तर, चार हजार मेट्रिक टन नै कारखानासम्म पुऱ्याउन २०० टिपरको आवश्यकता पर्छ। एउटा टिपरले २० मेट्रिक टन बोक्छ ।

यति धैरै टिपर चलाउन झुम्लाबाङ पुग्ने सडक उपयुक्त छैनन्। विभागका पोखरेल भन्छन्, "त्यहाँ पुग्ने सडक घुमाउरा छन्। खानीका उत्पादित कच्चा पदार्थ ढुवानी गर्न उपयुक्त छैनन्। सडकभन्दा पनि पानीको पाइपबाट धाउ ल्याउन सस्तो र उपयुक्त हुने देखिन्छ।" फलाम उत्पादनमा आत्मनिर्भर बन्ने नेपालको आकांक्षामा झुम्लाबाङ खानी सञ्चालन महत्त्वपूर्ण हुने देखिएको छ।

कच्चा पदार्थको ढुवानी खर्च कम भए फलामको मूल्य पनि कम हुन्छ। त्यसबाट भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न सकिने दाबी खानी सञ्चालकको छ। "हामीले ढुवानी गर्न कम खर्चिलो उपाय खोजिरहेका छौँ।

पाइप, मोनोरेल, रोपवेमध्ये जुन विकल्प उचित हुन्छ त्यही अपनाउँछौँ," कर्माचार्यको कथन छ। उनका अनुसार यी विषय अध्ययनकै चरणमा रहेको र अन्तिम टुंगोमा पुग्न दुई-तीन वर्ष लाग्न सक्छ । विशेष सम्भाव्यता अध्ययन प्रतिवेदनले धौबादीबाट दैनिक एक हजार ५०० टन फलाम उत्पादन गर्न सकिने देखाएको छ। मुलुकमै फलाम उत्पादन भए आयात एकचौथाइ कम गर्न सकिने कम्पनीको अनुमान छ।

यसका साथै, त्यहाँ दुई हजार ५०० देखि तीन हजारसम्म प्रत्यक्ष रोजगारी खुल्ने प्रक्षेपण छ। धौबादी फलाम कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत जनकबहादुर चन्द नेपालमा फलाम खानी सञ्चालनको सम्भावना रहेको देखाउने गरी काम हुने बताउँछन्। “फलाम खानी र कारखाना सञ्चालन नेपालका लागि नयाँ विषय हो । हामी सबै विषयलाई ध्यान दिएर अघि बढ्दै छौँ,” चन्द भन्छन्, “हिजो सरकारी स्तरबाट उदयपुर र हेटौँडामा सिमेन्ट उद्योग नखुलेको भए निजी क्षेत्रले यति ठूलो आँट गरेर लगानी गर्ने थिएन।

जनशक्तिको पनि अभाव हुन्थ्यो र हामी सिमेन्टमा आत्मनिर्भर पनि हुने थिएनौं।” सरकारको ५५ र निजी क्षेत्रको ४५ प्रतिशत लगानीमा खानी सञ्चालन गर्ने तयारी छ। कारखाना चलाउन ५१ अर्ब रुपैयाँ लाग्ने अनुमान छ। कम्पनीले विभिन्न समयमा ड्रिलिङ गरी त्यसबाट संकलन गरेको नमुनालाई चीनको प्रयोगशालामा परीक्षण गरेको छ। जसले सो फलाम खानी व्यावसायिक रूपमा चल्न सक्ने देखाएको छ।

## बिजुली प्रयोगमा प्राथमिकता

झुम्लाबाङको खानी चलाउन कोइलाको साटो बिजुलीलाई विकल्पका रूपमा अघि सार्न खोजिएको छ। “अलि सस्तो बिजुलीको व्यवस्था गर्न सक्यौँ भने उत्पादन पनि सस्तो पर्छ। बिजुलीको प्रयोग हुने नयाँ प्रविधि पनि हेरिरहेका छौँ,” कर्माचार्य भन्छन्। विश्वमा बढी प्रदूषण गर्नेमा कोइलालाई ऊर्जाका रूपमा प्रयोग गर्ने कारखाना पनि पर्छन्। विश्वभर हुने प्रदूषणमा त्यस्ता कारखानाको भूमिका ५-६ प्रतिशत छ। “प्रदूषण नहुने गरी गर्न सकेसम्म विद्युतीय प्रणालीमा जान खोजेका छौं। त्यसका लागि विदेशी कन्सल्ट्यान्टसँग कुरा भइरहेको छ,” उनी भन्छन्। कम्पनीले परियोजनामा एक खर्ब रुपैयाँभन्दा बढी लगानी हुने अनुमान गरेको छ। कर्माचार्य भन्छन्, “नेपालको सबैभन्दा ठूलो उद्योग हुनेछ। नेपाली क्षमता अपुग हुने अवस्था भएमा माइनिङको चरणमा पुगेपछि अन्य देशसँग सहकार्य गर्ने कि भन्नेबारे छलफल भइरहेको छ,” उनी भन्छन्। ड्रिलिङपछि आउने तथ्य र वातावरणीय मूल्यांकनले खानी सञ्चालन कति सम्भावनायुक्त छ भन्ने थप प्रस्ट पार्नेछ। फलाम उत्पादनमा आत्मनिर्भर बन्ने नेपालको आकांक्षामा झुम्लाबाङ खानी सञ्चालन महत्त्वपूर्ण हुने देखिएको छ। जुन विषय पूर्वाधार, ढुवानी र वातावरणीय प्रभावले निर्धारण गर्नेछ ।



## सूचना

वर्ष ७ अङ्क १८ २०८२ मंसिर २१ आईतबार

**भूमे गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**खाबाङबगर, रुकुम (पूर्व)**

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।